# बालश्रम विरुद्ध विश्व दिवस २०१४

## बालश्रम प्रयोग नगरौ : यो सामाजिक तथा कानूनी अपराध हो

बालश्रम आधुनिक दासताको स्वरुप हो । आज पनि बिश्वमा १६ करोड ८० लाख बालबालिकाहरु श्रमरुपी नरकमा बाँच्न बाध्य छन् । एक्काइसौं सताब्दीको आधुनिक युगमा पनि शिक्षा, स्वास्थ्य र आधारभूत अधिकारबाट वञ्चित गरि बालबालिकाहरुलाई श्रमिकको रुपमा प्रयोग गरिरहनु सम्पूर्ण विश्वको लागि लज्जाको विषय बन्न पुगेको छ ।

श्रमशक्ति सर्वेक्षण, २०६६ अनुसार नेपालमा १६ लाख बालबालिकाहरु श्रमिकको रुपमा कार्य गर्न बाध्य छन् । तीमध्ये ६ लाख २१ हजार बालबालिका जोखिमयुक्त श्रममा रहेका छन् । अध्ययनका आधारमा नेपालमा रहेका धेरै बालश्रमिकहरु अनौपचारिक क्षेत्रको श्रममा संलग्न भएको पाइएको छ । जसअनुसार बालबालिकाहरु कृषि, घरेलु, भरिया, इटा भट्टा , खानी, चिया-पसल र सडकमा छन् । नेपालमा श्रममा संलग्न भएका १६ लाख बालबालिकाहरुमध्ये करिब ९ लाख बालिकाहरु तथा ७ लाख बालकहरु रहेका छन् । यसमध्ये पनि २४.७ प्रतिशत (३ लाख ९५ हजार) ५ देखि ९ बर्ष उमेर समूहका, ५१.३ प्रतिशत (८ लाख २१ हजार) १० देखि १४ बर्ष उमेर समूहका तथा २४ प्रतिशत ( ३ लाख ८३ हजार) श्रमिक बालबालिकाहरु १५ देखि १७ बर्ष उमेर समूहका रहेका छन् ।

### बालश्रम विरुद्ध विश्व दिवस

बालश्रम विरुद्ध विश्व दिवस संसारभरि नै सन् २००२ देखि मनाउन सुरुवात गरिएको हो । निकृष्ट प्रकारको बालश्रमविरुद्द अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १८२ र श्रममा संलग्न हुने न्युनतम उमेर सम्बन्धी महासन्धि १३८ लाई अनुमोदन गरेको स्मरणमा हरेक वर्ष १२ जुनलाई बालश्रमविरुद्धको विश्व दिवसको रुपमा विश्वभरि नै मनाइने गरिन्छ । यसै सन्दर्भमा विगत वर्षहरु झैं यस वर्ष पनि १२ जून लाई "Extend social Protection: Combat child labor " भन्ने नाराका साथ १३ औं बालश्रम विरुद्ध विश्व दिवस संसार भरि नै मनाइदैंछ । हामी पनि १२ जून लाई नेपालबाट बालश्रमलाई अन्त्य गर्ने प्रतिबद्धताका साथ कार्य गर्न र बालश्रम अन्त्यका लागि हातेमालो गरी अघि बढ्न आग्रह गर्दै यस दिनलाई उत्सवको रुपमा मनाउन अनुरोध गर्दछौं । यस दिनले सरकारी तथा गैरसरकारी निकाय र नागरिक समुदायलाई बालश्रम विरुद्ध आफूले गरेका काम र उपलब्धिलाई मापन गर्नलाई सचेत गराउँदछ । बालश्रम विरुद्धको अभियानमा एकजुट हुन हामी आव्हान गर्दछौं ।

### बालश्रमले गरिबी बढाउछ

कतिपय अभिभावकले मिठो खान पाउँछन्, राम्रो लाउन पाउँछन् भन्ने आशामा आफ्ना बालबालिकालाई शहरमा काम गर्न पठाइने गरेको पाइन्छ । यसरी सानै उमेरमा बालबालिकाहरुलाई परिवारबाट टाढा राखेर अरुको घर, कलकारखाना, यातायात तथा अन्य क्षेत्रमा श्रममा संलग्न बालबालिकाहरु कुटपिट, हेपाइ, अत्याधिक कामगर्नु पर्ने जस्ता कारणले दु:ख पाइरहेका छन् । सानै उमेरमा बालबालिकाहरु श्रममा संलग्न हुँदा उनीहरुमा निम्न असर पर्न सक्छ :

- बालबालिकामाथि हुने दुर्व्यवहार, शोषण र हिंसाको संख्यामा बृद्धि हुन जान्छ ।
- बालबालिकाहरु यौन शोषणमा पर्छन् ।
- उमेर भन्दा बढी भारी बोक्नु पर्ने, लामो समयसम्म काम गर्नु पर्ने भएकोले स्वास्थ्य मा बाधा र दुर्घटनाले ज्यान जान पनि सक्छ ।
- बालबालिकाहरु पढ्न नपाउने, लागूपदार्थको कुलतमा फँस्ने र बेचबिखनमा पर्न सक्ने सम्भावना बढि हुन्छ ।
- समाजमा साक्षरता प्रतिशत घट्दछ ।
- रोजगारमा बालबालिकाको संलग्नताले वयष्कहरुको रोजगार खोसिने र बेरोजगारीको संख्या बढद्छ ।

बुवा आमा र परिवारले आफना छोरा-छोरी प्रतिको आफनो दायित्वलाई नभुलौं । हरेक् बालबालिकाको आफ्ना बाबुआमासंग बस्ने नैसर्गिक अधिकार छ । त्यसैले हामी अभिभावकहरुमा आफना बालबालिकाहरुलाई श्रममा संलग्न नगराउन हार्दिक अनुरोध गर्दछौ ।

### बालश्रम को प्रयोग सामाजिक र कानूनी अपराध

बालबालिकालाई श्रममा लगाउनु संविधानको मर्म र कानून विपरित काम गर्नु हो । नेपालको अन्तरिम संविधान, २०६३ ले कुनैपनि बालबालिकाहरुलाई कुनै किसिमको श्रम शोषण तथा दुर्व्यवहार गर्नुहुदैन भनेको छ । त्यस्तै बालबालिका संबन्धी ऐनले पनि यसलाई दण्डनीय मानेको छ ।

**बालश्रम नियमित र निषेधित गर्ने ऐन २०५६ ले बालश्रम प्रयोग गरेमा निम्न कानूनी व्यवस्था गरेको छ ।**

- १६ वर्ष मुनिका बालबालिकाहरु लाई कुनैपनि किसिमको श्रममा संलग्न गराउन पाइँदैन ।
- कसैले पनि बालबालिकालाई ललाईफकाई, झुक्याई, डर त्रास, प्रलोभन, दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन । इच्छा विपरित काममा लगाएमा १ वर्षसम्म कैद वा रु ५०,००० ।- सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
- त्यस्तै १६ भन्दा मुनिका बालबालिकालाई घरेलु श्रम जस्तो निकृष्ट प्रकारको श्रममा संलग्न गराउन बन्देज गरेको छ । यदि कसैले प्रयोग गरेमा १ बर्षसम्म कैद र रु ५००००। सम्म जरिवाना वा दुवै दण्ड र सजाय हुन्छ ।

बालबालिकाहरुलाई घर, होटल, कलकारखाना कहिं पनि काममा लगाउनु कानूनी रुपमा दण्डनीय छ । तसर्थ हामी बालबालिकालाई श्रमिकको रुपमा प्रयोग नगर्न अनुरोध गर्दछौं । यदि आफ्नो समुदाय वरपर बालश्रम भएको पाइएको छ भने शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको ग्यारेन्टीका साथ पारिवारिक पुनर्मिलनको लागि कार्यहरुको थालनी गरी कानूनी दण्ड सजायबाट जोगिनु होस् किनभने बालश्रमको प्रयोग कानूनी तथा सामाजिक रुपमा अपराध हो ।

**बालश्रमको प्रयोग दण्डनीय छ : बालश्रम बन्द गरौं ।**

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
श्रम विभाग
मिनभवन काठमाडौं
फोन :४१०७११७, ४१०७१९४